मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं. ०४१-५२३१:
५२५३:
५२५७:
फ्याक्स नं. ०४१-५२७१।
टोल फ्रि नं. १६६०४१५२८१

(कार्यालय कोड न. ३०१००१००१२)

## कार्यालय सामाग्री खरीदका लागि विद्युतिय माध्यमबाट बोलपत्र आव्हानको सूचना

ठेक्का न.: OCMCM/NCB/Goods/2078/79-01

प्रथम पटक प्रकशित मिति: २०७८/०५/२० (२०२१ सेप्टेम्बर ५)

यस कार्यालयका लागि चालु आ.व. २०७८/०७९ का लागि आवश्यक पर्ने कार्यालय सामाग्रीहरु एकमुष्ठ खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक दर्तावाल कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ |

शर्तहरु:

१. तपसिलमा उल्लेखित दस्तुर यस कार्यालयको नाममा रा. बा. बै. लि. जनकपुरधाम शाखामा रहेको राजस्व खाता न. १४२२९ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर, कम्पनी/फर्म दर्ता (नविकरण समेत भएको), मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी www.bolpatra.gov.np बाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२ बजेभित्र बोलपत्रदाताको नाम, ठेगाना, फोन न. र ईमेल समेत स्पष्ट खुलाई फर्मको छाप लगाई अपलोड गर्नुपर्ने छ |

२. बोलपत्रसँग सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भर्नुपर्नेछ | प्राप्त भएका बोलपत्रहरु अन्तिम अपलोड गर्नु पर्ने दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन |

३. बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम हुनेछ |

४. बोलपत्र जमानत प्रदेश लेखा नियन्त्रण कार्यालयको नाममा रहेको रा. बा. बैंक जनकपुरधामको धरौटी खाता न. १२२०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल बैंक भौचर (यस कार्यालयको नाममा जम्मा भएको देखिने गरिएको) वा सो बराबरको नेपाल राष्ट्र बैंक बाट 'क, वर्गको मान्यता प्राप्त

सचिव

प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं. ०४१-५२३१:
५२५३:
५२५७:
फ्याक्स नं. ०४१-५२७१।
टोल फ्रि नं. १६६०४१५२८६

बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का न. अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ | बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फारम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ |

५. बोलपत्र दाताले बोलपत्रमा दर रेट भर्दा मूल्य अभिबृध्दि कर सहितको दररेट उल्लेख गर्नुपर्ने छ | बोलपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा आधिकारिक सहिछाप गरेको हुनु पर्नेछ | सारभूत रुपमा न्यूनतम एकमुष्ट मुल्यांकित एक फर्म् मात्र छनौट गरिनेछ | अंक र अक्षर फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ | केरमेट भएको कागजातमा सहिछाप भएको हुनुपर्ने छ |

६. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा सो बोलपत्र रद्द गरी कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिश गरिनेछ | म्याद नाघी आएको, रित नपुगेको र सशर्त पेश भएको बोलपत्रहरु मान्य हुनेछैन |

७. आफुले सप्लाई गर्ने सामग्रीहरु यसै साथ संलग्न स्पेसिफिकेसन बमोजिमको हुनुपर्ने छ|

८. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक वा आइटमवाईज रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ | यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरीद ऐन अनुसार हुनेछ |

९. यो सूचना सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np र यस कार्यालयको वेबसाइट www.ocmcm.p2.gov.np मा हेर्न सकिनेछ |

| विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|
| Procurement of Office Goods and Materials | ८३०००/- | ३०००/- | विद्युतिय बोलपत्र | कार्यालयले आवश्यकता अनुसार सामाग्रीहरुको नमूना माग गरेमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ । |

सचिव